आ.व. २०८२।०८३
बैठक:- नगर कार्यपालिका बैठक
अध्यक्षता:- नगर प्रमुख **सन्तोष लाल श्रेष्ठ**

बैठक नं. १०।०८२।०८३
मिति:-२०८३।०१।२९ गते
स्थान:- ता.न.पा मिनिहल
समय:- दिनको १२.३० बजे

तानसेन नगर कार्यपालिकाको बैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री सन्तोष लाल श्रेष्ठ** ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

उपस्थिति

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| | श्री प्रतिक्षा सिंजाली | नगर उपप्रमुख | ता.न.पा. ४ | सदस्य |
| | श्री यादव सिंह कार्की | वडा अध्यक्ष (प्रवक्ता) | ता.न.पा.११ | सदस्य |
| | श्री सुनिल कुमार बस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य |
| | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य |
| – | श्री वावुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा ३ | सदस्य |
| – | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा. ४ | सदस्य |
| | श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य |
| | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य |
| | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य |
| | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य |
| | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य |
| | श्री हिमलाल पंगेनी | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य |

| | | | |
|---|---|---|---|
| श्री मेजर सिंह केसी | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य |
| श्री शोभाकर भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य |
| श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री मन्जु वि.क | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता.न.पा. २ | सदस्य |
| श्री पुजा रावल | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता.न.पा. ६ | सदस्य |
| श्री संजय घले | कार्यपालिका सदस्य | ता.न.पा. ४ | सदस्य |
| श्री अनु रामदाम | कार्यपालिका सदस्य | ता.न.पा. १० | सदस्य |
| श्री चेतनाथ गिरी | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा.का | सचिव |
| श्री मनोहर थापा - | का.वा वडा अध्यक्ष | ता.न.पा.४ | |
| श्री सुनिता श्रेष्ठ - | " | ता.न.पा. ३ | |

**निर्णय नं. १**

तानसेन नगर कार्यपालिकाको मिति २०८२।१२।२७ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।

**निर्णय नं. २**

तानसेन नगरपालिका वडा नं ११ पाल्पा ठेगाना रहेको पि.आर.एस.बोहोरा कन्स्ट्रक्सन प्रा.लि.ले यस कार्यालयमा मिति २०८२।१२।२३ मा दर्ता गरेको "घ" वर्ग निर्माण व्यवसायी ईजाजतपत्र पाउँ भनी दिएको निबेदन पेश भई प्राविधिक समितिको सिफारिस समेतको आधारमा "घ" बर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७४ को दफा २ बमोजिम आवेदक पि.आर.एस.बोहोरा कन्स्ट्रक्सन प्रा.लि फर्म (पशुपति बोहोरा)लाई तानसेन नगरपालिकाको "घ" बर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्न योग्य देखिएकोले कार्यविधिको दफा २ को उपदफा (३) बमोजिम इजाजत प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायत स्थानीय प्रशासनबाट विभिन्न मितिमा प्राप्त परिपत्र तथा निर्देशनहरुको बारेमा जानकारी भयो । सो सम्वन्धमा सम्बन्धित सरोकारवाला निकायहरुको समन्वय तथा सहकार्यमा गैर कानूनी रुपमा अतिक्रमण गरी वनाईएका संरचनाहरु हटाई सरकारी र सार्बजनिक जग्गाको व्यवस्थापन र संरक्षण एवं वास्तविक सुकुम्वासीहरुको पहिचान गर्ने कार्यका लागि कार्यपालिका बैठकमा जानकारी एवं छलफल गरियो । सो सम्वन्धमा थप अध्ययन गरी आवश्यक कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

तानसेन नगरपालिका वडा नं. २ स्थित देववाणी मा.वि.बाट २०८२ श्रावण महिनामा प्रदर्शन भएको रोपाई जात्राको भुक्तानीको लागि नगरपालिकामा निवेदन साथ वील भरपाई पेश भएको कार्यपालिका बैठकमा जानकारी भयो । मौलिक संस्कृतिको संरक्षण गर्नका लागि चालु नगर विकास योजनाको **कला संस्कृति जात्रा तथा सम्पदा संरक्षण** कार्यक्रम शिर्षकबाट रु.३५,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५**

तानसेन नगरपालिका वडा नं. १३ का संम्बन्धित उपभोक्ताको निबेदन तथा वडा कार्यालयबाट प्राप्त सिफारिस अनुसार उक्त उपभोक्ता समितिले प्रयोग गरिरहेको खानेपानी टंकी विपद्को कारण क्षेती भएको तथा टंकी मर्मतको बजेट व्यवस्थाको लागि अनुरोध भई आएकोमा चालु नगर विकास योजनाको **विपद् व्यवस्थापन कोषबाट** रु.५५३९३।- रकम उपलब्ध गराई उक्त ट्याङ्की मर्मत सम्भार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

चालु आ.व. ०८२।०८३ मा विनियोजन भएको अन्तर विद्यालय प्राज्ञिक अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन गर्नका लागि यही मिति २०८३।२।४ गते देखि ६ गतेसम्म तय गरिएकोमा तोकीएको समयमा आवस्यक प्रकृया पुरा गरी अतिरिक्त क्रियाकलाप संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

जिल्ला खेलकुद विकास समिति, पाल्पा मार्फत संचालन गरिएको जिल्लास्तरीय राष्ट्रपति रनिङ्गशील्ड प्रतियोगिताको लागि चालु नगर विकास योजनाको शिक्षा शाखा अन्तर्गत **खेलकुद सहयोग** शिर्षकबाट रु. १०००००।- उपलब्ध गराउने निर्णय गरियो ।

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

**निर्णय नं. ८**

तानसेन नगरपालिका वडा नं. ६ स्थित सामुदायिक स्वास्थ्य केन्द्र परिसरको कोठा मर्मतको लागि प्राविधिक ईस्टिमेट र मूल्यांकनको आधारमा चालु नगर विकास योजनाको मर्मत सम्भार कोष शिर्षकबाट रकम रु.३५०००।- उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९**

तानसेन नगरपालिका दुध र मासुमा आत्मनिर्भर पालिका घोषणाको सम्बन्धमा नगरपालिकाको पशु सेवा शाखाबाट उपलब्ध गराइएको दुध र मासुको वार्षिक तथ्याङ्क सहितको प्रतिवेदनको बारेमा बैठकमा जानकारी भई छलफल भयो । यस सम्बन्धमा जिल्ला भेटेरीनरी तथा पशु सेवा विज्ञ केन्द्र, जिल्ला समन्वय समिति, प्राल्पा लगायत संघ तथा प्रदेश सरकारका निकायहरु र सम्बन्धित साझेदार संस्थाहरुको समन्वय र सहकार्यमा आत्मनिर्भर पालिका घोषणाको लागि आवस्यक प्रकृया कार्यक्रम अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १०**

तानसेन नगरपालिकामा पर्यटन प्रवर्द्धन तथा विकास गर्नका लागि नगरस्तिरीय पर्यटन बोर्डबाट पेश भएको तानसेन नगरपालिकाको पर्यटन नीति, २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

तानसेन नगरपालिकाको आ.व.२०८२।०८३ को हालसम्मको आय व्यय विवरण बैठकमा जानकारी भयो । आय तर्फ रु.८५,५२,८८,९६५।२३ ।- र व्यय तर्फ रु.६२,१२,६२,६४६।५० को आय व्यय विवरण अनुमोदन गरी सार्वजनिक गर्ने निर्णय गरियो । साथै आन्तरिक आयतर्फ हालसम्मको रु ४,५०,१४,८७५। संकलन भएको बैठकमा जानकारी भयो ।

**निर्णय नं. १२**

यस नगरपालिकाको २०८२ सालको एस.इ.इ. परिक्षाको नतिजा बैठकमा प्रस्तुत भई छलफल गरियो । सफल विद्यार्थी र विद्यालयहरुलाई हार्दिक बधाई र धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा थप सुधार गरी शिक्षामा गुणात्मक तथा परिमाणात्मक नतिजा प्राप्त हुने गरी अगाडि बढन सम्बन्धित विद्यालय तथा सम्वद्ध निकायहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

चालु आ.व.को लागि उपभोक्ता समितिबाट संचालन गरिने योजना तथा कार्यक्रमहरुको सम्झौता मिति २०८३।२।१५ गतेसम्म मात्र कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

आगामी आ.व. २०८३।०८४ को लागि बजेट तथा कार्यक्रमको सम्बन्धमा बजेट सीमा निर्धारण समितिबाट उपलब्ध गराईको बजेट सिलिङ्ग तथा मार्गदर्शन तथा नगरस्तरको बजेटको बारेमा बैठकमा जानकारी भई छलफल गरियो । यस सम्बन्धमा आगामी आ.व.को लागि वडा स्तरबाट योजना तथा कार्यक्रम प्राथमिकीकरण गरी मिति २०८३।०२।०५ सम्म नगरपालिकामा पेश गर्न पुनः अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

युनोप्स सीटीज फर ओमनको सहयोगमा तयार गरिएको तानसेन नगरपालिकाको लैङ्गिक उत्तरदायी सहभागितामूलक निर्णय प्रक्रिया सम्बन्धी निर्देशिका, २०८३ को बारेमा बैठकमा जानकारी भयो । यस सम्बन्धमा थप अध्ययन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

**निर्णय नं.१६**

आगामी समयमा आयोजनाहरुमा रकम विनियोजन गर्दा ठेक्का लागि तोकिएको कार्य सम्पन्न नभएका आयोजना तथा वन क्षेत्र, सरकारी र सार्वजनिक जग्गाको भोगाधिकार प्राप्ति नभएसम्म भवन निर्माण लगायत संघ तथा प्रदेश सरकार समेतले नगर्नु नगराउनु भनी उल्लेख गरिएका क्षेत्रसँग सम्बन्धित कुनै पनि आयोजनामा रकम विनियोजन नगर्ने साथै आगामी आ.व.को लागि वडास्तरमा योजना तर्जुमाको कार्यहरु अगाडि बढिरहेको सन्दर्भमा यस विषयमा तत्काल वडा कार्यालयहरुमा पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७**

तानसेन नगरपालिकाको नगरस्तरीय अनुगमन समितिबाट प्रस्तुत प्रतिवेदन माथि छलफल गरियो । यस सम्बन्धमा उक्त प्रतिवेदनमा सिफारिस एवं अनुरोध गरिएका सवालहरुलाई कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**निर्णय नं.१८**

तानसेन नगरपालिकाको नगरस्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिबाट अनुरोध भई आए बमोजिम तानसेन नगर कार्यपालिकाको कार्यालय मार्फत आ.व.२०८२/०८३ को स्वीकृत कार्यक्रम अन्तर्गत हालसम्म सम्पन्न भएका पूर्वाधार तथा कार्यक्रमगत आयोजनाहरुको बारेमा छलफल गरियो । यस सम्बन्धमा सम्पन्न देहाय आयोजनाहरुको फरफारक गर्ने र उपभोक्ता समिति मार्फत सम्पन्न भएका पूर्वाधार आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९**

चालु आ.व. ०८२।०८३ को नगर उपप्रमुख महिलामैत्री पूर्वाधार कार्यक्रम तर्फ तानसेन नगरपालिका वडा नं. ८ को लागि उजिरसिंह पार्क निर्माण तथा शौचालय निर्माण योजनाको लागि रु. ५ लाख विनियोजन भएकोमा देहाय वमोजिम विनियोजित रकम सहित योजना शम्सोधन गरी निर्माण कार्य अगाडी वढाउने निर्णय गरियो ।

| क्र.सं. | साविकको योजनाको नाम | संशोधित योजनाको नाम | विनियोजित रकम |
|---|---|---|---|
| १. | उजिरसिंह पार्क निर्माण तथा शौचालय निर्माण | हुल्दी भलिबल मैदानमा महिला मैत्री पूर्वाधार निर्माण | रु. ५ लाख |

हीरानाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

(निर्णय नं. ७८ संग सम्बन्धित छ)

| सि.नं. | योजना/कार्यक्रमको नाम | वडा नं. | उ.स/संस्थाको प्रतिनिधिको नाम | लई/प्रस्तावित रकम रु. | विनियोजित रकम रु. | लागत सहभागिता रु. | कन्टिन्जेन्सी रकम रु. | मर्मत रकम रु. | खुद पाउने रकम रु. | सम्झौता मिति | सम्पन्न मिति | सम्पन्न मुल्याङ्कन रु. | सम्पन्न खुद भुक्तानी रकम. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मोहन कन्या मा.बि.हिरक महोत्सव ब्यबस्थापन | ४ | - | ३१६८००.१८ | ३०००००.०० | ३१८००.१८ | ७५००.०० | ७५००.०० | २८५०००.०० | - | २०८३-०१-२४ | ३१६४७३.७० | २८४७०६.२९ |
| २ | माझखाला ह्युमपाइप तथा क्याचापट फिलिंग ब्यबस्थापन | ७ | कुसुम सन्वानी | १९००११.७९ | २०००००.०० | १०००००.०० | ५०००.०० | ५०००.०० | १९००००.०० | २०८२-१२-१६ | २०८३-०१-२१ | १९१५९२.८१ | १९००००.०० |
| ३ | बिसिन्चिदी टोलमा तल्लो बाटो स्तरुन्नती | १ | नवराज बश्याल | ३५०२१०.७९ | ३३००००.०० | ३६७१०.७९ | ८२५०.०० | ८२५०.०० | ३१३५००.०० | २०८२-१२-०३ | २०८३-०१-१५ | ३५०१९९.२४ | ३१३४८९.६६ |
| ४ | बिसिनचिदि टोलमा गोरेटो बाटो स्तरुन्नति | १ | स्वक्षा बश्याल | १९०७२२२६.०० | २०००००.०० | १०००००.०० | ५०००.०० | ५०००.०० | १९००००.०० | २०८२-११-२८ | २०८२-१२-३० | १९०९७५.४७ | १९००००.०० |
| ५ | पाल्पा आवासिय पछाडि माथिल्लो अधुरा बाटो तथा ढल निर्माण | ३ | सेमन्त राना | २६४६६८.८० | २५००००.०० | २७१६८.८० | ६२५०.०० | ६२५०.०० | २३७५००.०० | २०८२-१०-२९ | २०८३-०१-२२ | २५०५८९.८३ | २२४८६६.२६ |
| ६ | सडक मर्मत सम्भार | ९ | चन्द्रमान श्रेष्ठ | ३१५४७७.२९ | ३०००००.०० | ३०४७७.२९ | ७५००.०० | ७५००.०० | २८५०००.०० | २०८२-१०-२५ | २०८३-०१-०४ | ३०९८०२.२७ | २७९८७३.२२ |
| ७ | विरपोखरा सामुदायिक भवनमा ट्रस निर्माण | १२ | बिष्णु बहादुर बाम्रेल | १०५७९०.१९ | १०००००.०० | १०७९०.१९ | २५००.०० | २५००.०० | ९५०००.०० | २०८२-१०-२५ | २०८३-०१-०७ | १०३८४२.४० | ९३२५०.८७ |
| ८ | तिन्टाआप बाहुनखाला सिरासर सडक चिसापनी पहिरो नियन्त्रण | ९ | लोकनाथ पाण्डे | २६४२७६.६७ | २५००००.०० | २६७७६.६७ | ६२५०.०० | ६२५०.०० | २३७५००.०० | २०८२-१०-१९ | २०८२-१२-३० | २६२०६६.७० | २३५५१३.९४ |
| ९ | अधेरी गब्दे चौर भैली गौरा सडक | ९ | कृष्ण कुमारी श्रेष्ठ | २११३९२.३० | २०००००.०० | २१३९२.३० | ५०००.०० | ५०००.०० | १९००००.०० | २०८२-१०-१३ | २०८२-१२-२४ | २१२२५८.७३ | १९००००.०० |
| १० | खुद्रेचौर पिकनिक स्थल | ९ | कृष्ण बहादुर कवर | २१५५९१.१९ | २०००००.०० | २५५९१.१९ | ५०००.०० | ५०००.०० | १९००००.०० | २०८२-१०-०६ | २०८३-०१-२३ | २१७३७४.३३ | १९००००.०० |
| ११ | तिन्टीऑप पार्क | ९ | श्याम बहादुर कार्की | २२०५००.०० | २०००००.०० | ३०५००.०० | ५०००.०० | ५०००.०० | १९००००.०० | २०८२-०९-२५ | २०८२-१२-३० | २२०५००.०० | १९००००.०० |
| १२ | भेडीचौर तिलहार बोखर सडक | ९ | बुद्धे सार्की | २११८२०.२३ | २०००००.०० | २१८२०.२३ | ५०००.०० | ५०००.०० | १९००००.०० | २०८२-०९-२१ | २०८३-०१-०७ | २११२८३.०९ | १८९५१८.१९ |
| १३ | साविक तल्था ६ का रानाटोलमा खानपानी टंकी निर्माण | १० | भाज बहादुर सिंजाली | १०५७२७.८० | १०००००.०० | १०७२७.८० | २५००.०० | २५००.०० | ९५०००.०० | २०८२-०९-०९ | २०८३-०१-११ | १०५७७३.५४ | ९५०००.०० |
| १४ | अम्लिहान महारुद्रेक्र सडक | ९ | तारा कुमाल | २११७१५.६८ | २०००००.०० | २१७१५.६८ | ५०००.०० | ५०००.०० | १९००००.०० | २०८२-०९-०९ | २०८३-०१-११ | २१४५४७.९९ | १९००००.०० |
| १५ | भालेऑप कार्की टोल कृषि मो.वा. स्तरोन्नती | १० | गणेश बहादुर बिस्ट | १५८५३१.३९ | १५००००.०० | १६०३१.३९ | ३७५०.०० | ३७५०.०० | १४२५००.०० | २०८२-०९-०९ | २०८३-०१-०७ | १५८७९६.०६ | १४२५००.०० |
| १६ | विहार मर्मत सम्भार महाबाध विहार (लहर पिपल) | ४ | बिबेक काजि शाक्य | २१२०६८.१६ | २०००००.०० | २२०६८.१६ | ५०००.०० | ५०००.०० | १९००००.०० | २०८२-०९-०८ | २०८२-१२-२७ | २१३१३५.०७ | १९००००.०० |
| १७ | देउराली गेझा मोब्वा स्तरोन्नती | ८ | मिन बहादुर सारु | ५२८२४२.५२ | ५०००००.०० | ५३२४२.५२ | १२५००.०० | १२५००.०० | ४७५०००.०० | २०८२-०९-०८ | २०८२-१२-३० | ५१५०५०.२५ | ४६३१३७.४० |
| १८ | चाण्डभञ्ज्याङ्ग पिपलटाल भुतधारा हुद रनादाव स्कुल जाने मोटर बाटो स्तरोन्नती | १२ | आम प्रकाश बिस्वोकर्मा | ३१६७५०.७२ | ३०००००.०० | ३१७५०.७२ | ७५००.०० | ७५००.०० | २८५०००.०० | २०८२-०९-०४ | २०८३-०१-०७ | ३१०१२०.४० | २७९०३४.२९ |
| १९ | भिटना गैरा दाखे लुम्बिनी मा.वि. जाने गोरेटो बाटो मर्मत | १२ | हिमलाल पराजुली | ८६६३४.०४ | ८२०००.०० | ८७१३.१४ | २०५०.५० | २०५०.५० | ७७८९९.०० | २०८२-०९-०४ | २०८३-०१-०७ | ६४१७८.८९ | ५७७०७.९३ |
| २० | पर्यटकिय स्थल फुलवारी टोलमा गोरेटो बाटो निर्माण | १२ | लाल बहादुर दर्जी | १०५६३९.२२ | १०००००.०० | १०६३९.२२ | २५००.०० | २५००.०० | ९५०००.०० | २०८२-०९-०४ | २०८३-०१-१७ | ९४३८९.८३ | ८४८८३.५६ |
| २१ | पर्यटकिय स्थल डाडौंटोलको ट्रस मर्मत | १२ | अस्टमान बिस्वोकर्मा | १५८८४९.७७ | १५००००.०० | १६३४९.७७ | ३७५०.०० | ३७५०.०० | १४२५००.०० | २०८२-०९-०४ | २०८२-१२-२५ | १५४०७१.११ | १३८२१३.२६ |
| २२ | तानसेन बहुमुखी क्याम्पस दखा छात्रावास समा नाली निर्माण तथा खुल्ला पार्क अधुरो निर्माण | ७ | खेम कुमार थापा | २११५६१.८९ | २०००००.०० | २१५६१.८९ | ५०००.०० | ५०००.०० | १९००००.०० | २०८२-०८-२८ | २०८३-०१-०८ | २०९२४६.८६ | १८७९२०.११ |
| २३ | चातिसे कुलो तथा खानेपानी योजना | ६ | देबिदत्त बश्याल | १५८३६१.६२ | १५००००.०० | १५८६१.६२ | ३७५०.०० | ३७५०.०० | १४२५००.०० | २०८२-०८-२४ | २०८२-१२-२७ | १६०१५७.८५ | १४२५००.०० |
| २४ | डुम्रे बजार फोहर व्यवस्थापन | ८ | नेत्र प्रसाद भण्डारी | १०५४२०.९६ | १०००००.०० | १०४२०.९६ | २५००.०० | २५००.०० | ९५०००.०० | २०८२-०८-१६ | २०८३-०१-१५ | १०४६२७.९६ | ९४२८५.३८ |
| २५ | माथिल्लो गैरागाउँको अपुरो बाटो स्तरोन्नति | १ | टंकी देबी दर्लामी | १०६११६.२१ | १०००००.०० | ११११६.२१ | २५००.०० | २५००.०० | ९५०००.०० | २०८२-०८-२१ | २०८३-०१-२५ | १०६७६९.१२ | ९५०००.०० |
| २६ | बारुदखान र लहरेपिपलमा प्रतिक्षालय निर्माण | ४ | सुनिता थापा | २६६७१५.४४ | २५००००.०० | २९२१५.४४ | ६२५०.०० | ६२५०.०० | २३७५००.०० | २०८२-०८-१६ | २०८३-०१-११ | २६५०४९.६१ | २३६०१६.६४ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २७ | वर्डखोला रिठास्वर्क मो.वा. स्तरोन्नती | १० | तिलक बहादुर राना | २११५६५.७३ | २०००००.०० | २१५६५.७३ | ५०००.०० | ५०००.०० | १९००००.०० | २०८२-०८-११ | २०८३-०१-१७ | १९६१६१.७२ | १७६१६६.२८ |
| २८ | दमकडा मा.वि. अधुरा छात्राबास भवन निमाण ता.न.पा.९ | ९ | शिवराम घिमिरे | १०५११५५.५३ | १००००००.०० | १०११५५.५३ | २५०००.०० | २५०००.०० | ९५००००.०० | २०८२-०८-०८ | २०८३-०१-११ | १०५३७४१.५८ | ९५००००.०० |
| २९ | मदनपोखरा स्वाथ्यचौकी पूर्वाधार स्तरुन्नती | ९ | नेत्र प्रसाद घिमिरे | १०७८५५८.३१ | १००००००.०० | १२८५५८.३१ | २५०००.०० | २५०००.०० | ९५००००.०० | २०८२-०८-०७ | २०८३-०१-१७ | १०७२२५४.४९ | ९४४४४७.५६ |
| जम्मा | - | - | - | २६८१२३९०.४२ | ७५१२०००.००| ९९३७३१.७३ | १८७८००.५० | १८७८००.५० | ७११६३९९.०० | - | - | ७८३५०३१.७८ | ७०३८०३१.५४ |

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख